पैँयू गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णयहरु:**

१. आगामी आर्थिक वर्षको प्रशासनीक खर्च, वडास्तरीय, विषयगत शाखा र गाउँपालिकास्तरीय योजनाका लागि मिति २०७८।२।३१ गते विहान ८ बजे वसेको श्रोत अनुमान तथा सीमा निर्धारण समितिले गरेको सिलिङ्ग/सीमा पेश भइ छलफल भयो। श्रोत अनुमान समितिले पेश गरे बमोजिम समर्थन गर्ने।

२. चालु आ.ब.मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निर्माण हुने २ कोठे भवन निर्माणका लागि निर्धारित ड्रइङ्ग डिजाइन अनुसारको संरचना विनियोजित रकम रु १८ लाखबाट निर्माण हुन नसक्ने प्राविधिक शाखाको प्रतिवेदन/राय पेश भएकोले निर्धारित ड्रइङ्ग डिजाइन अनुसारको संरचना भूइतलामा निर्माण गर्न गाउँपालिकाको तर्फबाट रु. २ लाख **शिक्षा पूर्वाधार निर्माण** बजेट उपशीर्षकबाट लागत साझेदारी गर्ने।

३. सम्मानित उच्च अदालत पोखरा बागलुङ् इजलास बागलुङबाट यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई जारी भएको अन्तरिम आदेश बैठकमा पेश भयो । उक्त आदेशलाई अक्षरशः पालना गर्न उपलब्ध श्रोत साधन र जनशक्तिको अधिक्तम परिचालन गर्ने।

४. गाउँपालिका अन्तर्गत सञ्चालित ७ शैयाको अस्थायी कोभिड अस्पताललाई १० शैयाको आधारभूत अस्पतालको रुपमा श्रावण १ गते देखि सञ्चालनमा ल्याई २४ सै घण्टा इमर्जेन्सी सेवा प्रदान गर्ने ।

५. स्थानीय तहको कार्य प्रक्रिया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सवल र कमजोर पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाबीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराइ स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनार्थको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तर्जुमा भएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ अनुसार तयार भएको स्वमूल्याङ्कको नतिजा प्रमुख प्रशासकीय अधिकृतबाट छलफलका लागि कार्यपालिकाको बैठकमा पेश भयो । स्वमूल्यकङ्कनका सूचकहरुको तह र अङ्कभार, प्रमाणिकरणको आधार, सूचकहरुको अंकभार गणना लगायतका विषयमा लेखाजोखा समेत भयो। यस पालिकाका सवल र कमजोर क्षेत्रहरुको पहिचान भयो। कमजोर रहेका क्षेत्रहरुको सुधारका लागि कार्ययोजना सहित अघि बढ्ने सहमति भई पेश भएको स्वमूल्याङ्नको नतिजा अनुमोदन गरियो।

६. **पैँयू गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि २०७८** पारित गर्ने।

७. कोभिड - १९ रोगको उपचार,रोकथाम तथा नियन्त्रणमा यस पालिकाले गरेका कार्यहरुको समिक्षा गरियो। समग्रमा पालिकाले गरेका कार्यहरु उत्कृष्ट नै रहेको पाइयो।

८. मनसुनजन्य विपद् बाढि पहिरोको समय रहेकोले विपद् पूर्वतयारीका लागि आवश्यक जाली मर्मत संभार तथा भैपरी शीर्षकबाट तत्काल खरिद गर्न आवश्यक बजेट ब्यवस्था गर्ने।

९. श्री विनु माध्यमिक विद्यालय सरौखोलाको च.नं. ६० मिति २०७८।२।३१ गतेको पत्रबाट **राष्ट्रिय पुनर्निमाण प्राधिकरणद्वारा प्रदान गरिएको निर्माणाधिन चारकोठे भवन रहेको जग्गा सोहि गाउँपालिका वडा नं. ६ निवासी प्रेम बहादुर थापाले निःशुल्क विद्यालयलाई प्रदान गर्नुभएको हुँदा उक्त जग्गा रजिष्ट्रेसन गर्नका लागि आवश्यक निर्णाय गरिदिनु हुन** भनी लेखी आएको र उक्त जग्गा प्राप्त गर्न उपयुक्त देखिएकोले निशुल्करुपमा जग्गा दाताबाट प्राप्तहुने जग्गाको निर्णय गर्ने प्रयोजनका लागि प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्ने ।

१०. मिल्दो खर्च शीर्षकबाट रकमान्तर गरी तपसिल बमोजिम तत्काल निर्माण/मर्मतका लागि रकम विनियोजन गर्ने ।

गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, हुवास, पर्वत, गण्डकी प्रदेश, नेपाल, २०७३

<u>मिति २०७८/०२/३१ गतेको गाउँकार्यपालिकाको बैठकको निर्णय प्रमाणीकरणः</u>

२०७८-०२-३१

नामः केशव लामिछाने
पदः प्रमुख प्रशासकीय अधिकृत
प्रमाणीकरण मितिः २०७८/०२/३१